निर्णय नं. १०

यस जयपृथ्वी नगरपालिकाको आन्तरीक स्रोत संकलनका लागि नगरस्तरीय राजश्व परामर्श समितिको बैठकबाट तपसिल बमोजिमका कर दस्तुर सेवा शुल्क मिति २०७३।१०।०१ गते देखि लागु गर्ने निर्णय गरीयो ।

(क) **स्थानीय कर**

१ **घरजग्गा बहाल कर**

नगर क्षेत्र भित्र घर, ग्यारेज, पसल, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएकोमा घरधनिवाट बहाल रकमको २% बहाल कर लिइने छ।

२ **मालपोत कर(प्रति रोपनी/वर्ग मिटर)**

| जग्गाको किसिम | खेत | पाखो |
|---|---|---|
| अब्बल | रू. १०। | रू. ७। |
| दोयम | रू. ७। | रू. ५। |
| सिम | रू. ५। | रू. ३। |
| चाहार | रू. ३। | रू. २। |

३ **भूमिकर**

क) चैनपुर वजारमा सडकले छोएको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दाकम) रू. २००।
ख) चैनपुर वजारमा सडकले छोएको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दा बढी) रू ४००।
ग) सुवेडा, रिठापाटा, भोपुर, सम्मको सडकले छोएको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दाकम)रू. १००।
घ) सुवेडा, रिठापाटा, भोपुर, सम्मको सडकले छोएको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दाबढी)रू. २००।
ङ) ग्राभिल मार्ग भित्र रहेको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दाकम) रू. ५०।
च) ग्राभिल मार्ग भित्र रहेको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दाबढी) रू. १००।
छ) अन्य भित्रि वाटो खुलेको घडेरीको हकमा प्रति घडेरी (१ रोपनी भन्दाकम) रू. २५।
ज) अन्य भित्रि वाटो खुलेको घडेरीको हकमा प्रति घडेरी (१ रोपनी भन्दाकम) रू. ५०।

**१ रोपनी भन्दाबढीका लागि माथिका क देखि ज सम्मका जग्गाको प्रति रोपनी बढ्दैजांदा लिएको रकमको डवल दस्तुर लाग्नेछ ।**

४ घरकर (वार्षिक)

क) चैनपुर सडक छेउमा भएका पक्किघर प्रति कोठा रू ४०।
चैनपुर सडक छेउमा भएका कच्चिघर प्रति कोठा रू २०।
ख) चैनपुर वजार सडक वाहीर पक्किघर प्रति कोठा रू २०।
चैनपुर वजार सडक वाहीर कच्चिघर प्रति कोठा रू १०।
ग) सुवेडा, रिठापाटा र भोपुर पक्किघर प्रति कोठा रू २०।
सुवेडा, रिठापाटा र भोपुर कच्चिघर प्रति कोठा रू १०।
घ) नगर भित्र रहेका अन्य सम्पूर्ण पक्किघर प्रति घर रू. २०।
नगर भित्र रहेका अन्य सम्पूर्ण कच्चिघर प्रति घर रू. १०।

नोट : १ भूमिकर लगाएको जग्गामा मालपोत कर लगाइने छैन ।
२ घरकर लगाएको जग्गामा पनि मालपोत कर लाग्नेछ ।
३. भूमिकर लगाएको जग्गामा बनेको घरको पनि घरकर लाग्नेछ ।

५ एकिकृत सम्पत्तिकर

के) सर्वदलीय सर्वपक्षीय छलफल गोष्ठी गरी न.पा.ले यसै आ.व. भित्र लागु गरी आगामी परिषदबाट समर्थन गराउने।

चारकिल्ला प्रमाणित दस्तुर

* आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको ।

**क) चैनपुर वजार भित्रको जग्गाको**

१. १ देखि १०० व.मि क्षेत्रफलको दस्तुर रु.६००। *

२. यसरी १०१ व.मि भन्दा बढी प्रति १०० वर्ग मिटरमा रु. ४०० को दरले थप दस्तुर लिइने छ ।

ख) तमैल गेट देखि रिठापाटा बाउलीगाड पक्कि पुल हुँदै साँघुवगर सम्म राजमार्गले छोएको जग्गाको ।

१. १ देखि १०० वर्ग मिटर क्षेत्रफलको दस्तुर रु.......................४००।

२. यसरी १०१ वर्ग मिटर भन्दा बढी प्रति १०० वर्ग मिटरमा रु...३००। को दरले थप दस्तरु लिइने छ ।

ग) सुवेडा ज्युला देवल ज्यूलो, पडेश ज्यूलो, गोलाई ज्यूलो, खेईरा ज्यूला, भोपुर, रुइनावगर ज्यूलो, सुतियाँ ज्यूलो जग्गाको ।

१. १ देखि १०० व.मि क्षेत्रफलको दस्तुर रु. २००।

२. यसरी १०१ वर्ग मिटर भन्दा बढी प्रति १०० वर्ग मिटरमा रु.१५०। को दरले थप दस्तुर लिइने छ ।

**घ) अन्य गाउँ तथा बस्तीमा भएको जग्गाको**

१. १ देखि १०० व.मि क्षेत्रफलको दस्तुर रु.२००।

२. यसरी १०१ वर्ग मिटर भन्दा बढी प्रति १०० वर्ग मिटरमा रु.५०। *को दरले थप दस्तुर लिइने छ ।

साधारण व्यक्तिगत सिफारिस दस्तुर........................रु.१००।

समुह र संस्थागत सिफारिस दस्तुर.......................रु ५००।*

घर,बाटो प्रमाणित सिफारिस दस्तुर............रु. ५००।

**जग्गा सम्बन्धि (अंशवण्डा,नामसारी)** रु. ५००।

घर भएको सिफारिस दस्तुर............ ..रु. ५०० ।

मुचुल्का प्रमाणित दस्तुर................ रु.१५००।

साधारण मुचुल्का प्रमाणित दस्तुर........ ...रु.१००।*

**घर नक्सा पास सम्बनधी**

**क) पक्की घर**

१. चैनपुर बजार भित्रका भवनको १ बर्ग फिटको रु. ५ का दरले हुन आउने रकम लिइने छ ।

२. तमैल बजार देखि साँघुवगर सम्म राजमार्गको दाँया वाँया १०० मिटर भित्र बनाइने भवनको १ बर्ग फिटको रु. ४ का दरले हुन आउने रकम लिइने छ ।

३. अन्य गाउँ बस्तीका भवनको १ बर्ग फिटको रु. ३ का दरले हुन आउने रकम लिइने छ ।

**ख) कच्ची घर**

१. चैनपुर बजार भित्रका भवनको १ तलाको रु. २०००।, २ तलाको रु. ४०००। र ३ तलाको रु. ८०००। लिइने छ ।

२. तमैल बजार देखि साँघुवगर सम्म राजमार्गको दाँया बाँया १०० मिटर भित्र बनाइने भवनको १ तलाको रु. १०००।, २ तलाको रु. २०००। र ३ तलाको रु. ६०००। लिइने छ ।

३. अन्य गाउँ बस्तीका भवनको १ तलाको रु. ५००।, २ तलाको रु. १०००। र ३ तलाको रु. २०००। लिइने छ ।

➢ **घर अभिलेखिकरण (भवन आचारसंहिता नक्सा पास २०७२ भन्दा अगाडी बनेका घर)**

**क) पक्की घर**

१. चैनपुर बजार भित्रका भवनको १ बर्ग फिटको रु. ३ का दरले हुन आउने रकम लिइने छ ।

२. तमैल बजार देखि साँघुवगर सम्म राजमार्गको दायाँ बायाँ १०० मिटर भित्र बनाइएका भवनको १ बर्ग फिटको रु. २ का दरले हुन आउने रकम लिइने छ ।

*आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको ।

३. अन्य गाउँ बस्तीका भवनको १ बर्ग फिटको रु. १ का दरले हुन आउने रकम लिइने छ ।

**ख) कच्ची घर**

१. चैनपुर बजार भित्रका भवनको १ तलाको रु. १०००।, २ तलाको रु. २०००। र ३ तलाको रु. ४०००। लिइने छ ।

२. तमैल बजार देखि साँघुवगर सम्म राजमार्गको दाँया बाँया १०० मिटर भित्र बनाइने भवनको १ तलाको रु. ५००।, २ तलाको रु. १०००। र ३ तलाको रु. २०००। लिइने छ ।

३. अन्य गाउँ बस्तीका भवनको १ तलाको रु. २५०।, २ तलाको रु. ५००। र ३ तलाको रु. १०००। लिइने छ ।

मदिरा सिफारिस..............................रु २५,०००।

**पंजिकरण सिफारिस**

जन्म दर्ता..................................रु.५०।

बिबाह दर्ता...................... ......रु.५०।

मृत्यु दर्ता..................................रु.५०।

बसाई सराई...............................रु.५०।

नाताप्रमाणित ............................रु.१७५ ।

**नागरिकता सिफारिस...................रु.५०।**

कृषि सिफारिस............................रु.२५०।*

समुह दर्ता................................रु.१०००।

ठेक्कापट्टा सिफारिस.................... रु.५०००।

मालपोत हालकायम दरमा ४ प्रतिशत का दरले वृद्धि ।

**योजना निर्माणकार्य सम्पन्न सिफारिस**

एक लाख सम्मको लागि दस्तुर .. रु.५००। *

पाँच लाख सम्मको लागि दस्तुर . . रु.७००। *

दश लाख सम्मको लागि दस्तुर . . . रु.१०००। *

बिस लाख सम्मको लागि दस्तुर .....रु २०००।*

बिस लाख देखि तिस लाख सम्मको लागि दस्तुर ... रु ३०००।*

तिस लाख देखि साठी लाख सम्मको लागि दस्तुर .....रु ५०००।*

बैंक खाता सञ्चालन दस्तुर................ .रु.५००।

संघसंस्था दर्ता सिफारिस ................ .रु.१०००।

**घर जग्गा मुल्याङ्कन**

क). विद्यार्थीको लागी....................................................रु. २०००।

ख). अन्य व्यक्तिको हकमा प्रति करोड...............................रु. ५०००।

ग). बढेको थप प्रति करोडमा .........................................रु.५००।

**बैदेशिक प्रयोजनका लागि**

क) नाताप्रमाणित .................. रु. ३००।*

ख) करचुक्ता सिफारिस.............रु. ५००।*

ग) आम्दानी प्रमाणित...............जम्मा रकमको हुन आउने ०.०५ प्रतिशतका दरले ।*

**व्यापारिक संघ/संस्था नगरपालिकामा दर्ता ।**

* आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको ।

क) रु. ३ लाखको कारोवार गर्ने व्यवसायीलाई रु. २००।

ख) रु. ५ देखि १० लाख सम्मको कारोवार गर्ने व्यवसायीलाई रु. ३००।

ग) रु. १० लाख भन्दा बढी सम्मको कारोवार गर्ने व्यवसायीलाई रु. ५००।

घ) पटके सवारी कर प्रतिपटक ..........................................रु. २५।

ङ) चौपाया विक्रि प्रति गोटा.................................................रु. २ ।

च) **सरसफाई कर**

१) सडकका मुख्य होटल/पसल .........................................रु. १५०। मासिक

२) सडक संगै जोडीएर बनेका घर ....................................रु. १००। मासिक

३) गल्लि/होटलका घरको..................................................रु. ५०। मासिक

**जयपृथ्वी नगरपालिका बझाङ्गले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यबसाय करका दरहरु निम्नानुसार छन् ।**

१. ब्यापारिक बस्तु

१.१ चुरोट, ज्वेलरी, भिडियो, क्यासेट, रिकर्डर तथा प्लेयरको व्यापारमा

क.खुद्रा ब्यापार...................................................................रु. ७५०। प्रति बर्ष

ख.थोक ब्यापारमा.............................................................. रु.५,०००। प्रति बर्ष

१.१.१ होटल व्यवसाय

क) साना चियाहोटलहरु ......................................................... रु.५००। प्रति बर्ष

ख) मझौला होटलहरु ..............................................................रु. ७५०। प्रति बर्ष

ग) ठुलाखाले होटलहरु ...........................................................रु. १५००। प्रति बर्ष

१.१.२ मदिरा व्यवसाय

क) खुद्रा व्यापार .....................................................................रु. १०००। प्रति बर्ष

ख) थोक व्यापार .................................................................... रु. ५०००। प्रति बर्ष

१.२ कम्प्युटर, बिद्युत सामान,क्यामेरा,टेलिभिजन,रेडियो,कार्पेट,पेट्रोलियम पदार्थ जस्ता बस्तुको ब्यापारमा

क) खुद्रा ब्यापार....................................................................रु. ७५०। प्रति बर्ष*

ख) थोक ब्यापारमा............................................................. रु.३०००। प्रति बर्ष

ग) भाँडा पसल (खुद्रा पसल)....................................................................रु.७५०। प्रति बर्ष

घ) हार्डवयर तथा निमार्ण सामाग्री पसल ..................................................रु.१५००। प्रति बर्ष

ङ) कुटानी पिसानी ...........................................................................रु.१५००। प्रति बर्ष

१.३ दैनिक उपभोगका खाद्य पदार्थ, सुतिकपडा, फेन्सी स्टोर आदिको ब्यापारमा ।

क.खुद्रा ब्यापार....... ............................................................रु. १०००। प्रति बर्ष*

ख.थोक ब्यापारमा.............................................................. रु. २०००। प्रति बर्ष*

१.४ सवारी साधन बिक्रेता

क.खुद्रा ब्यापार.....................................................................रु. ५००। प्रति बर्ष

ख.थोक ब्यापारमा.............................................................. रु. १०००। प्रति बर्ष

१.५ फुटपात व्यापारी ..............................................................रु.२००। प्रति महिना*

१.६ घुमन्ते व्यापारी ...............................................................रु. ५००। प्रति महिना*

१.७ घुमन्ते थोक विक्रेता (Retoing) ......................................रु. १०००। प्रति महिना*

क) मालवहाक ट्रक ..............................................................रु. ५००। प्रति पटक*

ख) मिनी ट्रक ......................................................................रु. ३००। प्रति पटक*

ग) जीप .................................................................................रु. २००। प्रति पटक*

* आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको

२. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा ।

२.१ चिकित्सक..........................................................................रु.५००। प्रति बर्ष

२.२ कबिराज ..........................................................................रु.५००। प्रति बर्ष

२.३ ईन्जिनियर ..........................................................................रु.५००। प्रति बर्ष

२.४ कानुनी ब्यबसायी..........................................................................रु.५००। प्रति बर्ष

२.५ लेखापरीक्षक..........................................................................रु.५००। प्रति बर्ष

२.६ दन्त चिकित्सक ..........................................................................रु.५००। प्रति बर्ष

२.७ अनुसन्धानकर्ता तथा परामर्सदाता..........................................................................रु.५००। प्रति बर्ष

२.८ कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर..........................................................................रु.५००। प्रति बर्ष

२.९ बिमा एजेन्ट..........................................................................रु५००। प्रति बर्ष

२.१० सर्भेयर..........................................................................रु.५००। प्रति बर्ष

२.११ अनुबादक..........................................................................रु.५००। प्रति बर्ष

२.१२ पशु चिकित्सक..........................................................................रु.५००। प्रति बर्ष

२.१३ शेयर दलाल..........................................................................रु.५००। प्रति बर्ष

२.१४ सामान ढुवानीकर्ता तथा कम्पनी..........................................................................रु.१०००। प्रति बर्ष

२.१५ व्यक्तिगत पेन्टर..........................................................................रु.५००। प्रति बर्ष

२.१६ संस्थागत पेन्टर..........................................................................रु. ५०००। प्रति बर्ष

**३. निर्माण ब्यबसाय :**

- ✓ घ वर्ग ..........................................................................रु.१०००। प्रति वर्ष*
- ✓ ग वर्ग ..........................................................................रु. २०००। प्रति वर्ष*
- ✓ ख वर्ग..........................................................................रु. ३०००। प्रति वर्ष*
- ✓ क वर्ग..........................................................................रु.४०००। प्रति वर्ष*

**४.उत्पादन मुलक उद्योग :** कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग ब्यबसायमा.रु.२,०००। प्रति बर्ष

५ उजामुलक ..२,०००। प्रति बष जलश्रोत, बायु, सौर्यशक्ति, कोइला, प्ाकृतिक तेल,ग्यास, बायो ग्यास तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग ब्यबसायमा....................................रु.२,०००। प्रति बर्ष

६. कृषि, पशु तथा बनजन्य उद्योग :

क) कृषि तर्फः तरकारी, नर्सरी, अन्न, फलफुल रु........................२०००। प्रति वर्ष*

ख) पशु तर्फः रु...................... २०००। प्रति वर्ष*

ग) वन तर्फः रु......................२५००। प्रति वर्ष*

७. खनीज उद्योग : खनीज उत्खन वा प्रशोधन गर्ने उद्योग ब्यबसायमा रु.१,५००। प्रति बर्ष

८. पर्यटन उद्योग : पर्यटक, आवास, मोटेल,होटेल,रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी,स्कीइङ, ग्लाइडिङ,वाटर र्‍याफ्टीङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर, ब्यालुनिङ, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण आदि उद्योग ब्यबसायमा ........................................रु.१,०००। प्रति बर्ष

९. सेवा उद्योग : छापाखाना,परामर्स सेवा,जिनिङ तथा बुलिङ ब्यबसाय, चलचित्र ब्यबसाय, सार्बजनिक परिबहन ब्यबसाय,फोटोग्राफी,प्रयोगशाला,हवार्य सेवा, शीत भण्डार आदि उद्योग ब्यबसायमा ..रु.८००। प्रति बर्ष

१०. निर्माण उद्योग : सडक, पुल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फ्लाइड ब्रिज तथा औद्योगिक, ब्यापारीक एबं आवास कमप्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग ब्यबसायमा .........रु.५०००। प्रति बर्ष

११. संचार सेवा :

११.१ निजी क्षेत्रको हुलाक सेवा................................................रु.५००। प्रति बर्ष.

* आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको ।

११.२ निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन आइएसडी, एसटीडी, ईमेल, ईन्टरनेट, रेडियो पेजिङ आदिमा ............................................रु.५००। प्रति बर्ष.

११.३ कुरियर सेवा : ............................................रु.५००। प्रति बर्ष.

११.४ छपाइ तथा प्रकाशन : ............................................रु.१०००। प्रति बर्ष*

११.५ स्टेशनरी तथा पुस्तकालय पसल............................................रु.१०००। प्रति बर्ष*

११.६ एफ.एम. रेडीयो शुल्क ............................................रु. २५००। प्रति वर्ष*

**१२. बित्तिय सेवा :**

१२.१ नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक ।

- ✓ क वर्ग बैंक ............................................ रु. ५०००। प्रति वर्ष*
- ✓ ख वर्ग बैंक ............................................ रु. ४०००। प्रति वर्ष*
- ✓ ग र घ वर्ग बैंक ............................................रु. ३०००। प्रति वष*
- ✓ सहकारी ............................................रु. २०००। प्रति वर्ष*

१२.१ आर्थिक कारोबार समेत गर्ने बित्तिय कम्पनीको मुख्य कार्यालय ..............रु. ५,०००। प्रति बर्ष.

१२.३ बित्तिय कम्पनी शाखा कार्यालय ..................रु.२,०००। प्रति बर्ष.

१२.४ बिमा कम्पनी ............................रु.५,०००। प्रति बर्ष.

१२.५ बिदेशी मुद्रा सटही ..................रु.१,०००। प्रति बर्ष.

१२.६ धितोपत्र कारोबार ..................रु.१,०००। प्रति बर्ष.

१२.७ Money Transfar ..........................रु.१,०००। प्रति बर्ष*

**१३. स्वास्थ्य सेवा :**

१३.१ गैर सरकारी अस्पताल ..................रु.१,५००। प्रति बर्ष.

१३.२ नर्सिङ होम............................................रु.२५००। प्रति बर्ष

१३.३ क्लिनिक तथा ल्याव................................रु.१,५००। प्रति बर्ष

१३.४ मेडिकल ............................................रु. १०००। प्रति वर्ष*

**१४. शिक्षा सेवा :**

**१४.१ निजी क्षेत्रका स्कुल, क्याम्पस,बिश्वबिद्यालय**

- ✓ प्रा.वि. ............................................रु. ५०० । प्रति वर्ष*
- ✓ नि.मा.वि. ............................................रु.७५०। प्रति वर्ष*
- ✓ मा.वि. ............................................रु. १०००। प्रति वर्ष*
- ✓ क्याम्पस ............................................रु. १५००। प्रति वार्ष*

१४.२ तालिम तथा अनुसन्धान केन्द ..... ..........................रु.१,०००। प्रति बर्ष

१४.३ टाइपिङ, कमप्युटर तथा भाषा प्रशिक्षण संस्था ..................रु.२,०००। प्रति बर्ष*

१४.४ अन्तराष्ट्रिय गैरसरकारी संस्था............................................रु.२,५००। प्रति बर्ष

१४.५ राष्ट्रिय गैरसरकारी संस्था ............................................रु. १०००। प्रति वर्ष*

१४.६ ट्यूसन तथा कोचीङ्ग सेन्टर ............................................ रु. ५००। प्रति बर्ष

१५. मर्मत सम्भार सेवा :

१५.१ हेभी ईक्विपमेन्ट बस, ट्रक, कार, मोटर साइकल, टेम्पो,साइकल मर्मत कारखाना .........रु.१५००।* प्रति बर्ष

१५.२ रेडियो, टी.भी., घडी, प्रेसर कुकर, हिटर, टेलीफोन सेट, बिद्युत सामग्री मर्मत केन्द ........रु.५००। प्रति बर्ष

* आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको ।

**१६. अन्य सेवा :**

| | |
|---|---|
| १६.१ विज्ञापन सेवा : | ..........रु.१०००। प्रति बर्ष* |
| १६.२ बैदेशिक रोजगार सेवा | ..........रु.२,०००। प्रति बर्ष* |
| १६.३ स्वदेशी रोजगार सेवा | ..........रु.१०००। प्रति बर्ष* |
| १६.४ सेक्रेटेरियल सेवा | ..........रु.१,०००। प्रति बर्ष |
| १६.५ हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट) | ..........रु.२,५००। प्रति बर्ष* |
| १६.६ ब्युटी पार्लर, केश श्रृगार, ड्राइ क्लिनर्स, आदि | ............................रु.५००। प्रति बर्ष |
| १६.७ साइनबोर्ड बनाउने पेन्टिङ सेवा | ..........रु.१०००। प्रति बर्ष* |
| १६.८ पशु बधशाल | ..........रु.१,०००। प्रति बर्ष |
| १६.९ मासु बिक्रेता | ..........रु.७५०। प्रति बर्ष* |
| १६.१० फुल र बिरुवा बिक्रेता | ..........रु.५००। प्रति बर्ष |
| १६.११ पुल हाउस | ..........रु.१०००। प्रति बर्ष* |
| १६.१२ खोटो ब्यबसायी | ..........रु.५००। प्रति बर्ष |
| १६.१३ सिसा प्लाइउड बिक्रेता | ..........रु.१०००। प्रति बर्ष* |
| १६.१४ भाडाकुडा बिक्रेता | ..........रु.७५०। प्रति बर्ष |
| १६.१५ स्टिल,काठ,फर्निचर बिक्रेता | ..........रु.१०००। प्रति बर्ष* |
| १६.१६ खेलौना,उपहार बिक्रेता | ..........रु.५००। प्रति बर्ष* |
| १६.१७ केबुल नेटवर्किङ(ग्राहक संख्याको आधारमा) | ..........रु.५,०००। प्रति बर्ष |
| **१७. अन्य ब्यबसाय :** | |
| १७.१ पार्क,पिकनिकस्पट | ..........रु.७५०। प्रति बर्ष |
| १७.२ क्यासिनो | ..........रु.५०,०००। प्रति बर्ष |
| १७.३ टुरअपरेटर | ..........रु.२,५००। प्रति बर्ष |
| १७.४ मसाज पार्लर | ..........रु.१,०००। प्रति बर्ष |
| १८ सिलाई पसल | ..........रु.५००। प्रति बर्ष |
| १९ एग्रोभेट | ..........रु.१०००। प्रति बर्ष* |
| **२० विद्युत सिफारिस** | |
| ✓ संस्थागत/उद्योग तर्फ | ..........रु. ५००। प्रति वर्ष* |
| ✓ व्यक्तिगत तथा घरायसी | ..........रु. १००। प्रति वर्ष* |
| २१ ग्याँस डिलर | .............रु. १०००। प्रति वर्ष* |
| २२. मैनबत्ति उद्योग | .............रु. ७५०। प्रति वर्ष* |
| २३. पाउरोटी तथा बेकरी उद्योग | .............रु. ७५०। प्रति वर्ष* |
| २४. हातेहोजियारी | .............रु. ५००। प्रति वर्ष* |
| २५. ग्रील उद्योग | ............रु. २०००। प्रति वर्ष* |
| २६. फोटो स्टुडीयो | ..........रु. १०००। प्रति वर्ष* |
| २७. सोलार पसल | ..........रु. १०००। प्रति वर्ष* |
| २८. खानेपानी मुहान दर्ता सिफारिस | ...........रु. १०००। * |
| २९. आयल स्टोर्स | ...........रु. २०००। प्रति वर्ष* |
| ३०. अमिन खटिगएको दस्तुर | ...........रु. १०००। प्रति पटक* |
| ३१. जेनेटर भाडा दस्तुर | .............रु. १०००। प्रति पटक* |

* आ.व. ०७३/०७४ मा राजश्व परामर्श समितिको बैठक बसी २०७३ साल माघ १ गते देखि लागु हुने गरी संसोधन गरिएको ।

# नीतिगत निर्णयहरु

**निर्णय नं.११** मा छलफल गर्दा न.पा.को नगरस्तरीय यातायात गुरुयोजना, आवधिक विकास योजना तयार गरी जिल्ला विकास योजनाको आधारमा बार्षिक योजना तयार गरी कार्यक्रम तथा योजना कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं.१२** मा छलफल गर्दा नगर एकल बोर्डले गरेका सम्पूर्ण निर्णयहरु समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** मा छलफल गर्दा यस जयपृथ्वी नगरपालिकाको तेस्रो नगरपारिषद्ले गरेका सम्पूर्ण निर्णय समर्थन गरि पास गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** मा छलफल गर्दा यस जयपृथ्वी नगरपालिकाको आ.व. ०७२/०७३ को सामाजिक परिक्षणको प्रतिवेदन माथि छलफल गरी समर्थन तथा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** मा छलफल गर्दा यस न.पा. ले विगत नगर परिषद्बाट स्वीकृत गरेका नीति तथा कार्यक्रम लाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१६** मा छलफल गर्दा यस न.पा. अन्तर्गत संचालनमा रहेका विभिन्न संघसंस्थाहरु संग विभिन्न मितिमा भएका छलफलबाट संगै लगानी गरी जान सकिने योजना र कार्यक्रमहरु समपुरक कोष छुट्याइ संयुक्त रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** मा छलफल गर्दा न.पा. ले विभिन्न समयमा विषयगत कार्यालय, विभिन्न संघ संस्थाहरु संग छलफल गरी संयुक्त लगानी गरी जान सकिने योजना र कार्यक्रममा समन्वय गरी जाने निर्णय गरियो ।

**निर्णय नं.१८** मा छलफल गर्दा जयपृथ्वी नगरपालिकाबाट संचालित विकास निर्माणका कार्यहरुमा अनुगमनको लागि राजनीतिकदलहरु, नागरिक समाज, पत्रकार, बुद्धिजीबि, प्राविधिक/विज्ञ सहितको सर्वपक्षिय अनुगमन समितिको चयन गरी सो समितिको अनुगमन प्रतिवेदन को आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१९** मा छलफल गर्दा यस न.पा.मा व्यवसाय कर नक्सांकन गरी व्यवसायिक करदातालाई करको दायरा भित्र ल्याइ कर रकममा अभिबृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०** मा छलफल गर्दा एक घर एक करेशावारी र आयमुलक विरुवा बृक्षारोपण गर्ने कार्य अगाडी बढाइनेछ र नगरपालिका भित्रका नांगाडाँडा,सार्वजनिक स्थलमा सम्बन्धित क्षेत्रसंग समन्वय गरी हरियाली बनाउने कार्य अगाडी बढाइने निर्णय गरियो ।

**निर्णय नं.२१** मा छलफल गर्दा नगरक्षेत्र भित्रका नदी, खोला र बगरहरुमा रहेका ढुंगा, गिट्टी, वालुवाको संरक्षण गरी जिविस संग समन्वय गरी उचित प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२** मा छलफल गर्दा हाल भू-क्षय, बाढी पहिरोमा परेका नदी, खोला, किनारा र सडक किनारामा विभिन्न निकायको समन्वयमा तटबन्धन गरी संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३** मा छलफल गर्दा नगरपालिकामा एक Help Desk राख्न लगाई नगरवासीका सेवा सुविधामा सोको उपयोग गरिनेछ ।

**निर्णय नं.२४** मा छलफल गर्दा यस जयपृथ्वी नगरपालिका को आ.व. ०७२।०७३ सम्मको सम्पूर्ण बार्षिक आय व्ययको आन्तरिक लेखापरिक्षण र अन्तिम लेखापरिक्षण प्रतिवेदनलाई अनुमोदन गरि समर्थन गरियो ।

**निर्णय नं.२५** मा छलफल गर्दा निम्न बमोजिमका नीतिहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

- सेवाग्राहिहरुको गुनासो तथा उजुरीहरुलाई तातो चुलो विधि (Hot stove treatment) बाट समाधान गरिनेछ ।
- आ.व को अन्त्यमा मात्र काम गर्ने परिपाटीको अन्त्य गरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनमा ल्याइने (all weather service and activities) नीति अवलम्वन गरिनेछ ।
- नगरपालिकावाट संचालन हुने क्रियाकलापका सन्दर्भमा नगरका विभिन्न स्थानमा hoarding board राखि जनचेतना दिनेकाम गरिनेछ ।
- पहाडी भू-भाग भएको नगरलाई वरिपरि सबै वडालाई यातायत सुविधा पुऱ्याउने कुरालाई बिशेष जोड दिइ वडा नं. .१, ६,९,१२ र १५ लाई सडक संजालमा जोड्ने नीति लिइने छ ।
- यस न.पा को भू-उपयोग योजना निर्माण गर्न आवश्यक भएकोले सो योजना निर्माण गरी लागु गरीनेछ ।
- नगरपालिकाले नगरक्षेत्रको लागि निर्धारण गरीएका घर परिवारतहको वातावरणमैत्री स्थानीय शासनको आधारभूत १० वटा सूचकहरुको कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- यस नगरपालिकाले टोल बस्तीलाई परिचालन गरी सार्वजनिक खोला किनार र खाली जमिनको किनारमा वृक्षारोपण गरी न.पा.मा व्यापकरुपमा हरियाली कायम गर्ने नीति लिएको छ ।
- यस नगरपालिका खुल्ला क्षेत्र घोषणा गर्न नगरपालिकाले निश्चित क्षेत्रलाइ खुल्लाक्षेत्रतोक्ने नीति लिइने छ ।
- मुल सडकको आसपासमा जनसहभागीतामा आधारित सौर्य उर्जाको माध्यामबाट बत्ति संचालनमा ल्याउने लक्ष्य राखेको छ ।
- कृषि सहकारीलाई प्रबर्द्धन गरी सहकारीमा आबद्ध किसानहरुको दक्षता विकास गरी न.पा.लाई तरकारीमा आत्म निर्भर बनाउने तर्फ कार्यक्रमहरु लक्षित गरिने छ ।
- जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सम्बर्द्धनको प्रावधान रहने भएकोले संरक्षणका लागि आबश्यक कार्यक्रमहरु लक्षित गरिने छ ।
- नगरपालिकामा युवा लक्षित कार्यक्रमहरु संचालन गरी बढ्दो युवा पलायनलाई रोक्ने नीति अबलम्बन गरिने छ ।
- यस नगरपालिकाको न्युतम सर्त तथा कार्यसम्पादन मापन निर्देशिका २०६६ ले निर्धारण गरेका न्यूनतम शर्तहरु तथा कार्यसम्पादनका सूचकहरु पुरा गरीनेछन ।
- नगरपालिकाले न्युतम शर्त पुरा गरी कार्यसम्पादन मापनमा कम्तिमा ७०% भन्दा बढी अंक ल्याउने लक्ष्य राखेको छ र सो गर्न सम्बन्धित सबैलाई सचेत र सहयोग गर्न अनुरोध गरीनेछ ।
- यस नगरपालिकाले लगाउदै आएको घर जग्गाको कर विस्थापित गरी सोको सट्टा एकिकृत सम्पत्तिकर कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।
- नगरक्षेत्रमा बहालमा लगाएका घरहरुको सत प्रतिशत घरहरुबाट घरबहाल कर अशुलगरी आन्तरिक आय रकममा बृद्धि गर्ने नीति लिनेछ ।
- घरको नक्सा पास गराउदा बैकल्पीक उर्जा (सौर्य उर्जा) राख्न अनिवार्यता गराइने छ ।
- नगरपालिकामा आन्तरिक आम्दानीमा अघिल्लो बर्ष भन्दा कम्तिमा ३० प्रतिशतले आन्तरिक आय बढाउने लक्ष्य लिइनेछ ।
- दुई बर्ष भित्र नगरक्षेत्र सडक गुरुयोजना तयार भै सो अनुसार मात्र सडक निर्माण गर्ने नीति लिइनेछ
- नगरपालिका क्षेत्रभित्र स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक वा योगा संचालन केन्द्र बनाउने नीति लिइनेछ ।
- नगरपालिकाको समग्र विकासको लागि नगरविकास योजना निर्माण गर्ने नीति लिइनेछ ।
- नगरपालिकाले आफै वा आसपासका गाविसहरु संग संयुक्तरुपमा आगामी २ वर्ष भित्रमा कम्तिमा १ वटा बोटानिकट गार्डेन वा सार्वजनिक पार्क स्थापना गर्ने नीति लिइनेछ ।

- नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको सम्पूर्ण सार्वजनिक तथा सम्पत्तिको लगत तयार गरी सोको विवरण मन्त्रालयमा पठाउने नीति लिइनेछ ।
- नगरपालिकाबाट सहयोग पाउने सामुदायिक विद्यालयमा पानी सहितको महिला र पुरुषको अलग अलग शौचालय बनाउने नीति लिइनेछ ।
- यस नगरपालिकाले नगरक्षेत्रमा वातावरण मैत्री स्थानीय शासनको कार्यनीति लागु गरिनेछ ।
- यस नगरपालिकाले नगरक्षेत्र भित्र तालिम प्राप्त जनशक्तिबाट मात्र भौतिक संरचनाहरु निर्माण गर्ने गराउने नीति लिइनेछ ।
- यस नगरपालिकाले नगरक्षेत्रमा निकृष्ठ प्रकारको वालश्रममा कमील्याउने नीति लिइनेछ ।
- यस नगर क्षेत्रभित्र ऐनविपरित फोहोरमैला गर्नेहरुलाई दण्ड जरिवाना गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।
- यस नगरपालिकाले आफैंले वा सर्वसाधारण जनताको समेत साझेदारीमा कम्तिमा आगामी ३ वर्ष भित्रमा View Tower/रङ्गशाला निर्माण गरी सक्ने नीति लिइनेछ ।
- यस नगरपालिकाले देश भित्रको एउटा र देश बाहिरको कुनै एक नगरपालिकासंग भगीनी सम्बन्ध विस्तार गरी आपसिसहयोग बढाउने नीति लिइनेछ ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ ले निर्धारण गरे अनुरुप यस नगरपलिकालाई बालमैत्री स्थानीय शासन युक्त बनाउन रणनीति लिइनेछ ।
- नगरपालिकाले स्थानीय उद्योग तथा व्यापार संग सम्बन्धित संस्थाहरुसंग सहकार्य गरी नगरपालिकाको पहिचानको रुपमा एक बस्तु विकास गरी उत्पादन तथा बृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।
- यस नगरपालिकाले नगर क्षेत्रभित्र हरेक बस्तिमा दमकल पुग्न सक्ने सडक व्यवस्थापन गर्ने उद्देश्यका साथ वडा वडामा सडक विस्तार गर्ने अभियान संचालन गर्ने नीति लिइनेछ ।
- नगरक्षेत्रको आधारभूत सूचनाका लागी जनसंख्याको लगत र वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागु गरिनेछ ।
- नगरपालिकाको सबै क्षेत्रको तथ्य तथ्याङ्क संकलन गरी सोको आधारमा नगरपालिकाको पार्श्व चित्र (Municipality Profile) र विशेषज्ञहरुको परामर्श सेवा लिई नगरपालिकाको आवधिक योजना (Municipality Periodic Plan) बनाउने नीति लिइने छ ।
- हाल १५ वटै वडानागरिक मन्चस्तरवाट छनौट भई आएका महत्वपुर्ण, आवश्यकतामा आधारीत भई पेश भएका धेरै योजनाहरु माग भै आएता पनि गतबिगतका क्रमागत, वडानागरीक मंचको प्राथमिकता, आवश्यकतामा आधारित मन्त्रालयको बजेट सिमा र मार्गदर्शन को आधारमा योजनाहरु छनौट गरी तपसिल बमोजिम बजेट प्रस्तावित गरिएको छ ।

| योजनाको प्रकार | प्रस्तावीत बजेट |
|---|---|
| क) बिपन्न महिला लक्षित कार्यक्रम | रु. २५ लाख |
| ख) बिपन्न बालबालिका लक्षित कार्यक्रम | रु. २५ लाख |
| ग) बिपन्न अन्यवर्गहरु लक्षित कार्यक्रम | रु. ३७ लाख, ४७ हजार |
| घ) भौतिक पूर्वाधार कार्यक्रम | रु. ९७ लाख, ४७ हजार |
| ङ) पूर्वाधारात्मक कार्यक्रम | रु. ६४ लाख, ९७ हजार |
| च) ठुला पुर्वाधार योजना | रु. १ करोड |
| छ) नगरक्षेत्र पूर्वाधार बिकास कार्यक्रम | रु. १ करोड ६९ लाख ५२ हजार |

➤ नगर स्तरीय श्रोत नक्सा, तयारी भू-उपयोग योजना, भवन निर्माण मापदण्ड लागु, राष्ट्रिय भवन निर्माण आचारसंहिता कार्यान्वयन, फोहोरमैला व्यवस्थापन कार्य, सार्वजनिक ऐलानी, प्रति जग्गा संरक्षण तथा हरियाली प्रबर्द्धनलाई प्राथमिकता दिइएको,

- न.पा.ले लगाउने र उठाउँने कर तथा गैर कर, राजश्वका क्षेत्रहरुको पहिचान, संकलन र व्यवस्थापनमा नीजि क्षेत्रहरु संग सहकार्य गर्दै आन्तरिक र वाह्य श्रोतहरुको पहिचान र उपलब्ध श्रोतहरुको अधिकतम प्रयोग गर्न जोड दिइएको,
- नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यान्वयनको लागी सूचकहरुमा आधारित भई कार्यक्रमहरु तय गरिएको,
- राजश्व परिचालन, सामुदायिक विद्यालयमा लैङ्गिक मैत्री शौचालयको व्यवस्थापन र बालमैत्री स्थानीय शासन कार्यान्वयनमा जोड दिइएको,
- दैवी प्रकोप उद्धार कोष कार्यविधि र मर्मत सम्भार विशेष कोष कार्यविधि लागु गरी कार्यान्वयनमा ल्याईने ।

**निर्णय नं.२८मा छलफल गर्दा तपशिल बमोजिमका क्षेत्रगत नीतिहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।**

**क) सामाजिक विकास**

**लक्षित वर्ग**

- ✓ निर्णय प्रक्रिया र योजना तथा कार्यक्रमको कार्यान्वयनमा महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, अल्पसंख्यक, बृद्ध तथा विपन्न वर्गहरुको सहभागितामा जोड दिइनुको साथै छाउपडी कुप्रथालाई निरुत्साहित गर्न विशेष पहल गरिने छ ।
- ✓ महिलाहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउन आयमुलक सिप मुलक तालिम प्रदान गरी आय आर्जनमा बृद्धि गरी आत्म निर्भर बनाइने नीति लिईनेछ ।
- ✓ नगर स्तरीय महिला समन्वय समिति गठन गरी क्रियासिल गरीने छ ।
- ✓ नगर स्तरीय बालक्लव र बाल संरक्षण संजालको क्षमता विकास र सुदृढिकरणलाई निरन्तरता दिईनेछ ।
- ✓ बाल तथा मातृ शिशु स्वास्थ्य तथा पोषण सम्बन्धि कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- ✓ लक्षित कार्यक्रममा छुट्याईने बजेट कार्यान्वयनको प्रभावकारीतामा विशेष जोड दिईनेछ ।
- ✓ भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउन अपाङ्ग र अनाथ व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ ।
- ✓ जेष्ठ नागरिकहरुको अनुभव र सिपलाई आर्थिक, सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिकलाई लक्षित गरी विभिन्न क्षेत्रबाट संचालनमा रहेका बृद्धा आश्रमको व्यवस्थापन र संचालनमा सहयोग गरिनेछ ।
- ✓ नगरलाई शैक्षिक स्तरमा उत्कृष्ट रुपमा विकास गर्न जनस्तरको आवाज र वडा स्तरबाट आएका मागलाई प्राथमिकता दिई न.पा.को वार्षिक आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा विशेष जोड दिईनेछ ।
- ✓ लक्षित समुहका बालबालिकाहरुको पहुँच बढाउन प्रोत्साहनका उपायहरु अपनाईनेछ ।

**स्वास्थ्य**

- ✓ एच.आई.भि.एड्स नियन्त्रणका लागि यस क्षेत्रमा कार्यरत सरकारी संघ संस्थाहरु संग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- ✓ आधारभूत स्वास्थ्यमा सबैको सहज पहुंच र सुरक्षित मातृशिशु प्रजनन सेवाको लागि विशेष सहयोग गरिनेछ ।
- ✓ घोषित पूर्ण खोपयुक्त अभियानलाई दिगो राख्नका लागि अनुगमनमा निरन्तरता दिइनेछ ।
- ✓ यस जयपृथ्वी नगरपालिकालाई मिति २०७२।६।२० गतेका दिन पूर्ण खोप युक्त नगरपालिका घोषणा गरिसकेको हुंदा यस जयपृथ्वी नगरपालिका वडा नं. १ देखि १५ अन्तर्गतका २३ महिना भित्रका बालबालिकालाई पूर्ण खोप लगाईसकेको र छुटेका बालबालिकाहरुलाई पनि पूर्ण खोप लगाईसकेको हुंदा आगामी आ.व.को लागि सो वडाहरुलाई पूर्ण खोप सुनिश्चितताको लागि सम्बन्धीत स्वास्थ्य संस्थाहरुले प्रतिबद्धता जनाएका छन् ।
- ✓ जिल्ला स्वास्थ्य कार्यालयको प्राविधिक सहयोग र सहकार्यमा नगर स्वास्थ्य क्लिनिक संचालन गरिनेछ ।

**पर्यटन संस्कृति**

- ✓ पर्यटन विकासको लागि ऐतिहासिक, धार्मिक स्थलहरुको विकास तथा व्यवस्थापनमा जोड दिईनेछ ।
- ✓ परम्परागत चाडपर्व, जात्रा, कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

**ख) आर्थिक विकास**

**कृषि**

- ✓ नगर क्षेत्रमा पशुपालन, सिचाई कुलोको निर्माण र मर्मत सम्भार गरि कृषि उत्पादन बढाउने कार्यमा जोडदिईनेछ ।
- ✓ यस क्षेत्रसँग सम्वन्धित विभिन्न निकाय सँग सहकार्य गरि कार्यक्रमहरुको संचालन गरिनेछ ।

**वन वातावरण भू-संरक्षण**

- ✓ विकास आयोजना संचालन गर्दा वातावरण मैत्री विकास प्रणालीलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकारात्मक असरलाई न्युन गर्न सो क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी संस्थाहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- ✓ नगरको वरिपरि बग्ने सेती र बाहुलीगाड तथा अन्य खोलाहरुको अतिक्रमण र प्रदुषित हुन नदिने लगायत संरक्षणका कार्यक्रमहरु लागु गरिने छ र नदी किनारमा बृक्षारोपण गर्ने  नीति लिईनेछ ।
- ✓ नगर क्षेत्रभित्र रहेका वनलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुको  साथै नगर क्षेत्रमा सडकको दायाँ वायाँ बृक्षारोपण गरि हरियाली कायम गर्ने नीति लिइनेछ ।

**उद्योग**

- ✓ उद्यमशिलताको विकास गर्न आयमुलक रोजगारीका कार्यक्रम संचालन गरी महिला, दलित, आदीवासी, जनजाती र पछाडि परेका समुदायलाई लघुउद्यमको सहभागिता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- ✓ सुविधायुक्त भवन र होटलहरुको निर्माणको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

**ग) भौतिक पूर्वाधार विकास**

**खानेपानी तथा सरसफाई**

- ✓ नगर क्षेत्रभित्र सुलभ रुपमा खानेपानीको आपूर्तिमा सहयोग गर्ने नीति लिईनेछ र फोहोरमैलाको व्यवस्थापन गरि नगरलाई स्वच्छ र सफाराख्न सार्वजनिक, नीजि साझेदारी अवधारणमा  विशेष जोड दिईनेछ ।

**विद्युत/उर्जा**

- ✓ नगरको ग्रामिण क्षेत्रमा विद्युत लाईन विस्तारको लागि पहल गरिनेछ र सडक सौर्य बत्तिको व्यवस्थापन र संचालन स्थानीय उपभोक्ताको सहभागितामा गरिनेछ ।

**सडक**

- ✓ नगरको चक्रपथको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ✓ अधुरा योजनाहरुलाई प्राथमिकताका आधारमा समय सारणी (Time table) सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गरी सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।
- ✓ नगर भित्रका सडकलाई राष्ट्रिय राजमार्ग संग जोड्नुका साथै नगरको एकअर्को वडा हुदै छिमेकि गा.वि.स.लाई समेत जोडी सडक संजाल बनाउने कार्यमा प्राथमिकता दिइने छ ।

**आवास तथा शहरी विकास**

- ✓ शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माणको सहयोग र नगर विकास समितिको समन्वयमा नगरक्षेत्रको समग्र नगर विकास योजना बनाई सो अनुसार विकास कार्य अगाडि बढाईनेछ ।
- ✓ भवन निर्माण आचारसंहिताको पूर्ण कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्वन गरिने छ ।
- ✓ भू-उपयोग नीति अन्तर्गत शहरी विकास मन्त्रालय संग समन्वय गरी ल्याण्ड पुलिङ कार्यक्रम संचालनमा ल्याइनेछ ।

**दिर्घकालिन पूर्वाधार**

- ✓ नगर संग जोडिएका अन्य नगर वा गाउँलाई समेत ध्यान राखी नगर बसपार्क, लामो दुरीका बस पार्किङ्ग स्थल, सभा गृह, सव दाह गृह, कभर्डहल, क्रिकेट मैदान, हाटबजार, पशु बधशाला, बृद्धाश्रम, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहोर प्रसोधन केन्द्र आदी जस्ता क्षेत्रहरुको पहिचान गरि प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

**बजार केन्द्र**

- ✓ नगरको मुख्य बजार तथा अन्य केन्द्रहरुको निर्माणलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालयको प्राविधिक सहयोग लिई कार्यक्रम तर्जुमा गरिनेछ ।

**घ) सुशासन**

**संगठन/कर्मचारी व्यवस्थापन**

- ✓ नगरपालिका कार्यालयको कार्यलाई प्रभावकारी जनमुखी, जवाफदेहीता, पारदर्शिता, मितव्ययीता तुल्याउन कार्यबोझ तथा समयानुकुल व्यवस्थापनका लागि संगठन ढाँचा तयार गरिनेछ ।
- ✓ नगरपालिकालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन नगरपालिकाको जनसंख्या, आन्तरिक आय, प्रशासनिक कार्यबोझ, भौगोलिक क्षेत्र, औचित्य समेतलाई मध्यनजर गर्दै कर्मचारी दरबन्दी र प्रशासनिक खर्चको सिमा भित्र रहेर पदपूर्ति गरिनेछ । आन्तरिक आम्दानीको सिमालाई मध्यनजर गरी संयुक्त वडा कार्यालयको रुपमा सेवा प्रवाहको व्यवस्था मिलाई क्रमशः वडा कार्यालय विस्तार गरिनेछ ।
- ✓ नगरवासीहरुका लागि आधुनिक सेवा प्रवाहमा उत्कृष्ट कार्य गर्ने नगरपालिकाहरुको कार्य प्रकृति अवलम्बन गर्ने कर्मचारीहरुलाई अध्ययन भ्रमणका लागि अवसर प्रदान गरिनेछ ।
- ✓ कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइनेछ ।

**पारदर्शिता**

- ✓ कार्यालयबाट हुने कार्यलाई सेवाग्राही मैत्री बनाउन सोधपुछ कक्ष(Help Desk)को व्यवस्था गरिनेछ ।
- ✓ सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने कार्यलाई कार्यान्वयनमा ल्याईनेछ ।
- ✓ सार्वजनिक सेवालाई चुस्त र दुरुस्त एवं पारदर्शिता कायम गर्न कम्प्यूटराईज प्रणालीको अवलम्बन गरिनेछ ।

**दण्ड र पुरस्कार**

- ✓ निद्रिष्ट ऐन, नियमले दिएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यकता अनुसार उचित पुरस्कार दिने नीति अवलम्वन गरिनेछ ।
- ✓ उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने तथा लापरबाही गर्ने उपभोक्ता समितिका व्यक्तिहरुलाई कारबाही गरिनेछ ।
- ✓ सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा पुरस्कार तथा सम्मान दिने नीति लिइनेछ ।
- ✓ नगरक्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याकंनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- ✓ संचार जगतमा पनि राम्रो काम गर्ने संचारकमी तथा संस्थालाई कामको मुल्याकंनको आधारमा पुरस्कृत गरिनेछ ।

**योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन**

- ✓ नगरक्षेत्र भित्र संचालन हुने कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा अनुगमन र मुल्याङ्कन गरी पारदर्शि बनाइनेछ ।
- ✓ अनुगमन निर्देशिका लागु गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ उपभोक्ता समिति संचालन सम्बन्धि निर्देशिका लागु गरि कार्यान्वयनमा ल्याईनेछ ।

**सूचना तथा संचार**

- ✓ नगरपालिका कार्यालयमा आफ्नै वेभसाइटलाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ ।

**राजश्व र लेखा**

- ✓ एकिकृत सम्पत्ति कर लागु गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ आन्तरिक आय बृद्धि हुने किसिमका कार्यलाई प्राथमिकता दिइनेछ ।
- ✓ व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउन नगरक्षेत्र भित्रका सबै वडाका उद्योग, व्यापार, व्यवसायिहरुको लगत खडा गरी स्थलगत असुली अभियानको थालनी गरिनेछ ।
- ✓ प्रशासनिक खर्चको सिमा आन्तरिक आयको बढीमा ४० प्रतिशत भित्र रही गर्ने नीति लिइनेछ ।

**निर्णय नं.** २८ जयपृथ्वी नगरपालिका बझाङ्गको तेस्रो नगरपरिषद्मा सहभागि हुनु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, विशेष अतिथि ज्यू, जिल्ला स्थित राजनीतिकदलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, नगरस्तरीय राजनीतिकदलका प्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुख ज्यूहरु, एकिकृत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु, दलित, महिला, वालवालिका एवं अपाङ्ग प्रतिनिधि ज्यूहरु, विभिन्न गैरसरकारी संस्था एवं विकास साझेदार निकायका प्रमुख प्रतिनिधि ज्यूहरु, वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका प्रतिनिधि ज्यूहरु, पत्रकार, संचारकर्मी एवं उपस्थित सबै समाजसेवि, बुद्धिजिवी, शिक्षक, कर्मचारी, किसान, उद्योगी, ब्यापारी, बिद्यार्थी, जेष्ठ नागरिक, युवा, बालक्लब, आमा समुह, अशक्तअपाङ्ग लगायत सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाई, दिदी बहिनी एवं सज्जन बृन्द सबैमा धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।